Reg. No.: 125838/071/072

# मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड
# Mailung Khola Jal Vidhyut Company Limited

Uttardhoka, Kathmandu, Nepal, Tel.: 977-01-4532372
E-mail: mailung.mkjc@gmail.com | Web: www.mailungkhola.com

Ref.:

६८६४/०८२/०८३ मितिः २०८२/०९/०६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
रामशाहपथ, काठमाण्डौं ।

विषय :साधारण सभाको सुचना सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस मैलुङ्ग खोला जलविद्युत कम्पनी लिमिटेडले मिति २०८२ पौष महिना २८ गते, सोमवार (तद्अनुसार जनवरी १२, २०२६) का दिन बस्ने १२औं वार्षिक साधारण सभा सम्बन्धि सूचना मिति २०८२/०९/०५ सनिवार र २०८२/०९/०६ गते आईतवारका दिन नँया पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित भएको व्यहोरा अनुरोध गर्दै, सूचना प्रति यसै साथ संलग्न राखि पेश गरिएको व्यहोरा त्याहाको जानकारीको लागि अनुरोध गर्दछु ।

वोधार्थ

१. श्री नेपाल धितोपत्र वोर्ड, खुमलटार, ललितपुर ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.,पुतलीसडक, काठमाण्डौ ।
३. श्री ग्लोवल आइएमई क्यापीटल लि.नक्साल, काठमाडौं ।

भवदिय,

..................

कम्पनी सचिव
मैलुङ्ग खोला जलविद्युत कम्पनी लिमिटेड

# मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड

(कम्पनी ऐन २०६३ बमोजिम स्थापित संस्था)

काठमाडौं, नेपाल

## बाह्रौ बार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/९/५**

**श्री आदरणीय शेयरधनी महानुभावज्यूहरू,**

यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न यस मैलुङ खोला जल विद्युत कम्पनी लिमिटेडको बाह्रौ वार्षिक साधारणसभा देहायको मिति, समय र स्थानमा बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८२/०९/२८ गते, सोमबार (तद्अनुसार जनवरी १२, २०२६)

**समय** : दिउसो १२:३० बजे

**स्थान** : अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वट,बत्तिसपुतली, काठमाडौं ।

**वार्षिक साधारण सभामा पेश गरिने छलफलका प्रस्तावहरू**

**(क) सामान्य प्रस्तावहरू**

१. अध्यक्षज्यूको मन्तव्य तथा वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

२. आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्त सम्मको वासलात र आ.व. २०८१/०८२ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. सर्वसाधारण शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न २(दुई) जना सञ्चालकहरूको निर्वाचन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरू**

१. यस कम्पनीले विभिन्न बैंकहरूबाट लिएको कर्जाको भुक्तानी गर्नका लागी चुक्ता पूजीँको १:०.७० (१ शेयर बराबरको ०.७०) को अनुपातमा हकप्रद शेयर निश्कासन गर्ने सम्बन्धमा ।

२. यस कम्पनीको जारी पुँजी बृद्धि गरी प्रवन्ध-पत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

३. हकप्रद शेयर जारी/दर्ता/सुचीकरण गर्ने लगायत सो संग सम्बन्धित कार्यहरूको क्रममा कम्पनी रजिष्ट्रारको कार्यालय नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लगायतका नियमनकारी निकायहरूबाट कुनै फेरबदल, संशोधन गर्न निर्देशन भएमा आवश्यक्ता अनुसार थपघट, परिमार्जन, संसोधन लगायत अन्य सुधार तथा सोही बमोजिम प्रवन्ध-पत्र तथा नियमावलीमा संसोधन गर्नका लागि संचालक समिति वा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिन स्वीकृत गर्ने सम्बधमा ।

**(ग) विविध**

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/१७ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०९/१६ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरू सो सभामा भाग लिन योग्य हुनेछन् ।

२. वार्षिक साधारणसभा स्थलमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिर पुस्तिका सभा स्थलमा सभाहुने दिन विहान १० बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहने छ ।

३. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हिताग्राहि खाता खोलिएको प्रमाण सहित साथमा लिई आउनुहुन अनुरोध छ ।

४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै यस संस्थाको रजिष्टर्ड कार्यालय उत्तरढोका, काठमाडौमा दर्ता गराइ सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत यस संस्थाको शेयरधनी हुनु आवश्यक छ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भइ हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सी स्वत: बदर हुनेछ ।

५. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी यस संस्थाको रजिष्टर्ड कार्यालयमा पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।

६.. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको स्वत: बदर हुनेछ ।

७. प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी वदर गरीपाँउ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त शेयरधनी स्वयं उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको स्वत: बदर हुनेछ पछिल्लो प्रतिनिधि कायम हुनेछ ।

८. नाबालक शेयरधनीको तर्फबाट यस संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

९. शेयरधनीहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले अध्यक्षले वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

१०. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्वन्धमा शेयरवाला महानुभावहरूले छलफल गर्न चाहानु भएको विषय वारेमा साधारणसभा हुनु भन्दा कम्तिमा ७ दिन अघि यस संस्थाको रजिष्टर्ड कार्यालय मार्फत यस संस्थाका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

११. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरूले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालयमा उपलब्ध हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**नोट :** निर्वाचन तथा अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा ०१-४५३२३७२ वा Website: www.mailungkhola.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ ।

# मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड

(कम्पनी ऐन २०६३ बमोजिम स्थापित संस्था)

काठमाडौं, नेपाल

## बाह्रौ बार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/९/६**

**श्री आदरणीय शेयरधनी महानुभावज्यूहरू,**

यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न यस मैलुङ खोला जल विद्युत कम्पनी लिमिटेडको बाह्रौ वार्षिक साधारणसभा देहायको मिति, समय र स्थानमा बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८२/०९/२८ गते, सोमबार (तद्अनुसार जनवरी १२, २०२६)

**समय** : दिउसो १२:३० बजे

**स्थान** : अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वट,बत्तिसपुतली, काठमाडौं ।

**वार्षिक साधारण सभामा पेश गरिने छलफलका प्रस्तावहरू**

**(क) सामान्य प्रस्तावहरू**

१. अध्यक्षज्यूको मन्तव्य तथा वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

२. आ.ब. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्त सम्मको वासलात र आ.व. २०८१/०८२ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.ब. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. सर्वसाधारण शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न २(दुई) जना सञ्चालकहरूको निर्वाचन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरू**

१. यस कम्पनीले विभिन्न बैंकहरूबाट लिएको कर्जाको भुक्तानी गर्नका लागी चुक्ता पूजींको १:०.७० (१ शेयर बराबरको ०.७०) को अनुपातमा हकप्रद शेयर निश्कासन गर्ने सम्बन्धमा ।

२. यस कम्पनीको जारी पुँजी बृद्धि गरी प्रवन्ध-पत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

३. हकप्रद शेयर जारी/दर्ता/सुचीकरण गर्ने लगायत सो संग सम्बन्धित कार्यहरूको क्रममा कम्पनी रजिष्ट्रारको कार्यालय नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लगायतका नियमनकारी निकायहरूबाट कुनै फेरबदल, संशोधन गर्न निर्देशन भएमा आवश्यक्ता अनुसार थपघट, परिमार्जन, संसोधन लगायत अन्य सुधार तथा सोही बमोजिम प्रवन्ध-पत्र तथा नियमावलीमा संसोधन गर्नका लागि संचालक समिति वा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिन स्वीकृत गर्ने सम्बधमा ।

**(ग) विविध**

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/१७ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०९/१६ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरू सो सभामा भाग लिन योग्य हुनेछन् ।

२. वार्षिक साधारणसभा स्थलमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिर पुस्तिका सभा स्थलमा सभाहुने दिन विहान १० बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहने छ ।

३. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हिताग्राहि खाता खोलिएको प्रमाण सहित साथमा लिई आउनुहुन अनुरोध छ ।

४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै यस संस्थाको रजिष्टर्ड कार्यालय उत्तरढोका, काठमाडौंमा दर्ता गराइ सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत यस संस्थाको शेयरधनी हुनु आवश्यक छ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भइ हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सी स्वतः बदर हुनेछ ।

५. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी यस संस्थाको रजिष्टर्ड कार्यालयमा पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।

६.. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको स्वतः बदर हुनेछ ।

७. प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी बदर गरीपाँउ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त शेयरधनी स्वयं उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको स्वतः बदर हुनेछ पछिल्लो प्रतिनिधि कायम हुनेछ ।

८. नाबालक शेयरधनीको तर्फबाट यस संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

९. शेयरधनीहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले अध्यक्षले वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

१०. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्बन्धमा शेयरवाला महानुभावहरूले छलफल गर्न चाहानु भएको विषय वारेमा साधारणसभा हुनु भन्दा कम्तिमा ७ दिन अघि यस संस्थाको रजिष्टर्ड कार्यालय मार्फत यस संस्थाका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

११. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरूले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालयमा उपलब्ध हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**नोट :** निर्वाचन तथा अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा ०१-४५३२३७२ वा Website: www.mailungkhola.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ ।